कविता-"हामीलाई पनि अलिकति जलायौ, गणेश !"

मुगुका डाँडाबाट

सपनाको भारी बोकेर

तिमी राजधानी झरेका थियौ । विदेशको बाटो होइन,

आफ्नै माटोमा पसिना रोप्दै

राइडर बनेर शहरका गल्ली–गल्ली दौडिदै,

ग्राहकका ठेगना मात्र होइन,

आफ्नै भविष्यको ठेगाना खोज्दै थियौ ।

तिमी यात्रु मात्र बोक्दैनथ्यौ,

आफ्ना सपना पनि बोक्थ्यौ

अरूलाई गन्तव्य पुऱ्याउँदै,

आफ्नै भोलिलाई

बिस्तारै डोऱ्याउदै थियौ

तर असार २५ ले

तिम्रो यात्रामै ब्रेक लगाइदियो

एउटा सानो भूल,

जीवनको असैह्य शूल बन्यो ।

त्यहि दिन

एउटा यात्रुलाई त्रिपुरेश्वरमा झार्यौ,

अर्को यात्रुको प्रतीक्षामा थियौ,

नगर प्रहरी आयो,

तिम्रो बाइकमा ताला लगायो

त्यो ताला

केवल बाइकमा लागेन,

तिम्रो आशामा लाग्यो,

हातमा थमाइयो

जरिवानाको चिट

त्यो कागज थिएन-

पहिल्यै थिचिएको मुटुमाथि

राखिएको अन्तिम ढुङ्गा थियो ।

हरेक बिहान

इन्जिनभन्दा पहिले आशा स्टार्ट हुन्थ्यो

हरेक साँझ

कोठाभाडा, परिवार सहितको पेटको आगो

र बैंकको किस्ताको हिसाब आउँथ्यो ।

असार सकिँदै थियो

बैंकको अडिट,

बारम्बार आउने फोन,

र किस्ताको दबाबले

सायद तिम्रो निद्राको किस्ता पनि, खोसिसकेको थियो ।

तिमीले

चाबी होइन,

आफ्नो बाध्यता बुझिदिन आग्रह गर्यौं तर राज्यका कानले

मानवता होइन,

कानून मात्र सुने नियमका अक्षर बोलिरहे,

करुणाका शब्द मौन रहे ।

सायद त्यही क्षण

मुगुका डाँडा,

आमाको अनुहार,

बुवाको सपना,

दाजुको भरोसा,

श्रीमतिको रहर

छोरिको अबोधता

र अधुरा भविष्यहरू

एकैचोटि तिम्रा आँखाभित्र रोए ।

जब पीडा

आशाभन्दा भारी भयो,

धैर्यभन्दा निराशा गहिरो भयो,

तिमीले आफ्नै बाइकको पेट्रोल

आफ्नै शरीरमा छर्कियौ,

आगो लगायौ, जलेको केवल शरीर थिएन-

स्वदेशमै केही गर्ने

एउटा युवाको विश्वास पनि ।

त्यो दिन

त्रिपुरेश्वरमा

एउटा युवक मात्र मरेन, एउटी आमाको प्रतीक्षा जल्यो,

एउटा बाबुको भरोसा जल्यो,

एउटा दाजुको सपना जल्यो,

तिमी नर्भर परिवारको धुरिखाम्बा जल्यो

देशले अथाह सम्भावना बोकेको,

देश प्रेमी, पसिना प्रेमी,

एक भरभराउँदो युवा गुमायो ।

गणेश,

तिमीले आफ्नो शरीर जलायौ,

तर खरानी

हाम्रो विवेकमा छाडयौ

हाम्रो चेतनामा छिरल्यौ । त्यो आगोको इन्धन

वर्षौंदेखि मुलुकमा संचित-

बेरोजगारीको धुवाँ,

गरिबीको सुस्केरा,

प्रशासनको असंवेदनशीलता ,

राज्ययन्त्रको मौनता,

सबै एकसाथ

राजधानिको मुटुमा

प्रस्फुटित भए

चर्को गरि कराए

शुन्यतामा हराए !

सरकार !

गणेशको खरानिले भन्दैछ, गणेशहरुका आमाको काख

फेरि खरानीले नरितियोस्!

कुनै गणेशले

आफ्नै भविस्य फेरि नजलाओस्!

काखको बच्चा टुहुरो, नबनाओस

श्रीमतीका हातका चुरा जवानिमै नफुटुन,

परिवारका आसा र सपना अचाननक नटुटुन !

एउटा युवाले

आफ्नै देशमा बाँच्ने आशा गुमाउँछ भने,

त्यो उसको हार होइन -

त्यो राज्यको अक्षम्य पराजय हो ।

गणेश एक्लै जलेनन्,

हामी सबैलाइ अलिकति जलाए । त्यो आगो

उनको शरीरमा मात्र होइन,

राज्यको विवेकमा,

देशको चेतनामा

लगाएर छोडे ।

यहाँ,

गणेशहरु जलिरहेछन

स्वदेसका सपना ढलिरहेछ

कानुनका दण्डा चलिरहेछन

आसाका स्तम्भ गलिरहेछ्न ।

दशकौ देखि-

सिंहदरबारले कुर्चि फेरिरहेछ,

तर गणेशहरूको नियति फेरिएन ।

साच्चै हो,

चमेलिको बोलिदिने कोहि छैन,

गणेशलाइ सुनिदिने कोहि छैन ।

चमेली त गीतमा बोल्दै छन

गणेशहरु दिनदाहडै जल्दै छन !!!

@ आहत कुटि

टचाङ्लाफ़ाट, किपु

मौलिक: AOB (Aruchour Original Blood), Syangja